नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०

पो.ब.नं.: ४०७
लाजिम्पाट, काठमाडौं।

पत्र संख्या: २०८३/०८४
प्रा.प.सं. :

प्रेस विज्ञप्ती-५

"शिक्षा ऐन, २०२८ अन्तर्गतको कसूरमा संलग्न थप व्यक्तिहरु पक्राउ"

मिति २०८३/०४/०८ गते त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय तर्फको MBS प्रथम सेमेष्टरको MGT 515:Organizational Behaviour विषय परीक्षाको प्रश्नपत्र विभिन्न WhatsApp समूहहरुमा साझा गरी शिक्षा ऐन, २०२८ अन्तर्गतको कसूर (प्रश्न पत्रको गोपनियता भङ्ग गरेको) मा संलग्न व्यक्ति पक्राउ गरी सम्मानित अदालतबाट म्याद थप अनुमती लिई अनुसन्धान भइरहेकोमा प्रस्तुत कसूरमा संलग्न निम्न नाम थर र वतन भएका थप व्यक्तिहरुलाई देहाय बमोजिमको मिति र स्थानहरुबाट पक्राउ गरी थप अनुसन्धान कार्य जारी रहेको।

निम्न:-

१) मिति २०८३/०४/१० गते जिल्ला रौतहट, राजदेवी नगरपालिका, वडा नं. ४ बस्ने वर्ष २५ को अतुल कुमार मिश्रलाई काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १३, ताहाचलबाट।

२) मिति २०८३/०४/११ गते जिल्ला बारा, लिपनीमाल वडा नं.१ घर भई हाल जिल्ला पर्सा, वीरगंज महानगरपालिका, वडा नं.२१ बस्ने वर्ष ३१ को अब्दुल सानि हाकिमलाई जिल्ला पर्सा, वीरगंज महानगरपालिका, वडा नं.८ बाट।

मिति २०८३/०४/१२ गते।
ने.स. ११४६

अनुपम शमशेर ज.ब.रा.
(प्रहरी वरिष्ठ उपरीक्षक)
प्रवक्ता/सूचना अधिकारी
सम्पर्क नं.९८५१२९१३११